# सुर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०७५/१२/०५

## भाग-१

## सुर्यगढी गाउँपालिका

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**गाउँसभाबाट अनुमोदित मिति : २०७५/१/२४**

**सम्बत २०७५ सालको ऐन नं : १**

# सुर्यगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुर्यगढी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यो ऐनको नाम सुर्यगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन सुर्यगढी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले सुर्यगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सुर्यगढी गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले सुर्यगढी गाउँपालिका सम्झनु पर्छ ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त सुर्यगढी गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही सुर्यगढी गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५. **बचाऊः** यो ऐन लागू हुनुभन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै ऐन बमोजिम प्रकाशन भएको मानिनेछ ।

आज्ञाले,

उत्तम खतिवडा

प्रमुख प्रशासकीय अधिकृत